नेपाल सरकार

श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

**ई.पी.एस.कोरिया शाखा**

**ग्वार्को, ललितपुर ।**

# अनिवार्य कोभिड जोखिम विमा गर्ने सम्बन्धमा आवश्यक सूचना !!

२०७८/०७/०१

रोजगार अनुमती प्रणाली अन्तर्गत नेपालबाट गणतन्त्र कोरिया जाने नेपाली कामदारहरु कोभिड १९ महामारीको कारणले लामो समय देखि कोरिया जान नपाएको व्यहोरा विदितै छ । पछिल्लो समय कोभिडको अवस्था सामान्य हुँदै गएको सन्दर्भमा कोभिड प्रोटोकलको पूर्ण पालनाको सुनिश्चितता गरी कोरिया पक्षबाट प्रतिबद्ध कामदार लैजाने गरी प्रकृया अगाडी बढेको छ । अहिलेको कोभिड महामारीको अवस्थामा कामदारहरुले पालना गर्नु पर्ने शर्तहरु मध्ये ५ हजार यूएस डलर बराबरको अनिवार्य कोभिड जोखिम विमा गर्नु पर्ने शर्त रहेको छ । दक्षिण कोरिया जाने कामदारहरुले अहिलेको अवस्थामा वहन गर्नु पर्ने संभावित जोखिम र त्यसलाई प्रस्तावित कोभिड विमा पोलिसीले अधिकतम रुपमा सम्बोधन गर्ने गरी देहायका कभरेजहरु रहने गरी मिति २०७८।६।१८ को **विभागस्तरीय** निर्णयबाट विमा पोलिसी निर्धारण गरि सम्बन्धित विमा कम्पनीहरुलाई पत्राचार गरिएकोमा उल्लेखित शर्तहरु पालना गर्न सक्ने गरी विमा पोलिसी संचालन गर्न सक्ने प्रतिबद्धता सहितको पत्र देहायका विमा कम्नीहरुबाट प्राप्त हुन आएकोले सम्बन्धित विमा कम्पनीहरुसंग सम्पर्क गरी समयमै कोभिड जोखिम विमा गरी विमालेख प्रमाणपत्र यस शाखामा समेत पेश गर्नु हुन सम्बन्धि सबैको लागि यो सूचना जारी गरिएको छ ।

**विमा कम्पनीहरुको विवरण :**

| क्र. स. | विमा कम्पनीको नाम/ ठेगाना | सम्पर्क व्यक्ति र फोन नं. | कभर गरिने जोखिमहरु | तोकिएको प्रिमियम रकम ( यूएस डलर) | कैफियत |
|---|---|---|---|---|---|
| १ | एनएलजी इन्सयोरेन्स कम्पनी लिमिटेड पानीपोखरी, लाजिम्पाट, काठमाडौ । | श्री दिपक कुमार चन्द<br>०१-४४१८११३,<br>०१ -४४४२६४६ | • १४ दिनको अवधि भित्र कोभिड संक्रमण भई विमित अस्पताल भर्ना भएमा अस्पताल खर्च कभरेज हुनेछ। (Hospitalization Coverage upto 5000 US dollar if no isolation epenses is availed)<br>• कोभिड संक्रमण भई विमित आइसोलेशन**मा** बस्नु परेमा १४ दिनको तोकिएको खर्च विमाले कभर गर्नेछ । आइसोलेसनमा बस्दा डाक्टरको सिफारिशमा लिएको औषधिको खर्च व्यहोरिनेछ ।<br>(**कभर गरिने खर्च**: प्रति दिन १५० डलरको दरले बढीमा २१०० यूएस डलर सम्म)<br>• विमितलाई दावी भुगतानी गर्दा कुनै किसिमको Excess/Deduction नहुने गरी भुगतानी गरिनेछ ।<br>• दावी भुगतानी नगदरहित, सरल र सहज हुनेछ । | **२७ युएस डलर** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पोलिसीको म्याद पोलिसी लिएको मिति देखि ९० दिन सम्म कायम रहनेछ । त्यस अवभि भित्र कुनै कारणले कामदार कोरिया जान नसके तोकिए बमोजिम थप प्रिमियम तिरेर पोलिसीको म्याद थप गर्न सक्नेछन् । | | |
| २ | अजोड इन्सयोरेन्स लिमिटेड बागदरवार मार्ग, सुन्धारा, काठमाडौं । | श्री सुशिल पराजुली<br>०१ -४२४३०७२<br>०१-४२४२३०३ | • १४ दिनको अवधि भित्र कोभिड संक्रमण भई विमित अस्पताल भर्ना भएमा अस्पताल खर्च कभरेज हुनेछ । (Hospitalization Coverage upto 5000 US dollar if no isolation epenses is availed )<br>• कोभिड संक्रमण भई **विमित** आइसोलेशन**मा** बस्नु परेमा १४ दिनको तोकिएको खर्च विमाले कभर गर्नेछ ।<br>• विमितलाई दावी भुगतानी गर्दा कुनै किसिमको Excess/Deduction नहुने गरी भुगतानी गरिनेछ ।<br>• दावी भुगतानी नगदरहित, सरल र सहज हुनेछ ।<br>• विमा गरिएका कामदारहरुको विवरण नियमित रुपमा इपिस कोरिया शाखामा उपलब्ध गराई सार्वजनिक गरिनेछ । | • **४० वर्ष भन्दा मुनिका लागि २६ यूएस डलर**<br>• **४० देखि ६० वर्ष सम्मका लागि २७.२ यूएस डलर** | |
| ३ | प्रभु इन्स्योरेन्स<br>तीनकुने, काठमाडौं । | श्री वत्सल ढकाल<br>०१ -५१९९२२०,<br>०१ -५१९९२२६<br>मोवाइलः ९८५११९३१२३ | • १४ दिनको अवधि भित्र कोभिड संक्रमण भई विमित अस्पताल भर्ना भएमा अस्पताल खर्च कभरेज हुनेछ।<br>(Hospitalization Coverage upto 5000 US dollar if no isolation epenses is availed )<br>• कोभिड संक्रमण भई विमित आइसोलेशन**मा** बस्नु परेमा १४ दिनको तोकिएको खर्च विमाले कभर गर्नेछ । आइसोलेसनमा बस्दा डाक्टरको सिफारिशमा लिएको औषधिको खर्च व्यहोरिनेछ ।<br>(कभर गरिने खर्चः बढीमा १५०० यूएस डलर सम्म)<br>• विमितलाई दावी भुगतानी गर्दा कुनै किसिमको Excess/Deduction नहुने गरी भुगतानी गरिनेछ ।<br>• दावी भुगतनी नगदरहित, सरल र सहज | **४० युएस डलर** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुनेछ ।<br>• यो पोलिसी रोजगार अनुमती प्रणाली मार्फत कोरिया जाने नेपालीहरुको लागि मात्र लागू हुनेछ । | | |
| ४ | प्रिमियर इन्सयोरेन्स कम्पनी लिमिटेड<br>नक्साल, काठमाण्डौं । | श्री सरला प्रसाई<br>०१-४४१३५४३<br>०१-४४१०६४८ | • कोभिड संक्रमण भई विमित आइसोलेशनमा बस्नु परेमा १४ दिनको तोकिएको खर्च विमाले कभर गर्नेछ । आइसोलेसनमा बस्दा डाक्टरको सिफारिशमा लिएको औषधिको खर्च व्यहोरिनेछ ।<br>• (**कभर गरिने खर्च**: प्रति दिन १५० डलरको दरले बढीमा १५०० यूएस डलर सम्म)<br>• विमितलाई दावी भुक्तानी गर्दा कुनै किसिमको Excess/Deduction नहुने गरी भुगतानी गरिनेछ । | **४२.५० युएस डलर** | |

पुनश्चः सुचिकृत बाहेकका अन्य विमा कम्पनीहरु उल्लेखित विमा पोलिसी दिन तयार भई सुचिकृत हुन आएमा सुचिकृत गरिदैं लगिनेछ । यस विमा पोलिसीबाट कामदारहरुले लाभ लिन सकेको अनुभव, सुझाव एवम् सरोकारवाला एवम् कोरिया सरकारसंगको छलफलको आधारमा आवश्यक परेको खण्डमा समयानुकुल पोलिसीका शर्तहरु संशोधन गर्न सकिनेछ ।

**ई.पी.एस शाखा**

**धन्यबाद !**